# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं भाद्र १० गते ०९ साल

## भाग ३

## सूचना नं. ११

श्रावण १३ गतेको नेपाल गजेटमा प्रकाशित भएको सूचनाअनुसार कम्पनी कानूनको ९० क. दफाबमोजिम काम नगर्ने मैनेजिङ्ग एजेन्ट वा डाइरेक्टरहरूको सट्टामा सदस्यहरूको ठहरमुताबिक अर्को मैनेजमेन्ट खडा गर्नुपर्छ भन्ने भएकोमा निम्नलिखित कम्पनीहरूमा मैनेजिङ्ग एजेन्ट वा डाइरेक्टरहरूले कानूनको रीत पुऱ्याइसकेको बुझिएकोले सो श्रावण १३ गतेको सूचनामुताबिक निजहरूले कार्रवाई गर्नुपर्नेछैन ।

१ नेपाल आयल मिल्स लि०, शनिश्चरे, मोरङ्ग
२ विराटनगर जूटमिल्स लि०, विराटनगर
३ मोरङ्ग सुगर मिल्स लि०, विराटनगर



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४ मोरङ्ग कटनमिल्स लि०, विराटनगर
५ नेपाल केमिकल एण्डष्ट्रिज लि०, बिराटनग
६ श्रीकृष्ण राइस एन्ड फलौर मिल्स लि०, सेमरा, बुटोल

धेरै मैनेजिङ्ग एजेन्ट वा डाइरेक्टरहरूले यस विभागबाट तोकिएको म्यादको वास्तै नगरेर आजसम्म चाहिंदो कारवाई केही पनि गरिएको बुझिंदैन। खास गरेर संचालक समितिहरूले त आफ्नो कर्तव्य बिलकुलै पूरा गरेको देखिंदैन। भरसक चाँडो असाधारण सभा गराई कम्पनीको मैनेजमेन्टको राम्रो बन्दोबस्त मिलाउनु संचालक समितिको विशेष उत्तरदायित्व हुँदा हुँदै पनि धेरै समितिहरू आजसम्म कानमा तेल हालेरै सुतिरहेका बुझिन्छन्। नितान्त अफशोचको कुरा हो। अब पनि यस्तै सुस्ति चलिरहयो भने कडा कारवाई गर्न यस बिभागलाई करै लाग्नेछ। संचालक समितिहरू र मैनेजिङ्ग डाइरेक्टर वा एजेन्टहरूको यो परम कर्तव्य हो कि यस्तो परिस्थिति खडा हुन नदिउन् र कानूनबमोजिम कार्रवाई गर्न तत्परताका साथ अगाडि बढ्न्।

अब यस बिभागको श्रावण १३ गतेको सूचनाबमोजिम कारवाई गर्न भाद्र मसान्तसम्मको म्याद निर्धारित भएको छ। संबन्धित व्यक्तिहरूको ध्यान यस कुरामा विशेषरूपले आकृष्ट गरिन्छ कि यो म्याद अन्तिम हो र जति चाँडो चाहिंदो कारवाई खतम गरिन्छ, उति नै उनीहरुको निमित्त असल हुनेछ।

कुनै मैनेजिङ्ग एजेन्ट वा डाइरेक्टरले चाहिंदो सयकडा २५ शेयर लिने बन्दोबस्त गरिसकेको वा गर्न लागेको भए भाद्र १५ गतेसम्म यस विभागमा जनाउ दिए बेस होला। सो जनाउ म्यादभित्रै दिएदेखि असाधारण सभा गरिरहनु पर्नेछैन र विशेष निर्देशहरू अविलम्ब यस विभागबाट पठाइनेछन्।

यस विभागमा यो पनि खबर आएको छ कि कुनै कुनै मैनेजिङ्ग एजेण्ट वा डाइरेक्टरहरूले आतङ्क मचाउने उद्‌देश्यले कम्पनीको दैनिक कामसमेत

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रोकिराखेका छन् । यस्तो काम गर्ने व्यक्ति वा पार्टीहरूलाई चेतावनी दिइन्छ कि कुनै हालतमा पनि कम्पनीको दैनिक काम रोकिराख्न मुनासिब छैन । रीतपूर्वक असाधारण सभाबाट अर्को मैनेजमेन्ट मुकरर नभएसम्म पुरानो मैनेजमेन्ट नै जिम्मेवार रहन्छ र पछि अनुचित उद्देश्यले कम्पनीको काम रोकेको ठहरे नियम कानूनबमोजिम सजायको भागी हुनेछ । संचालक समितिहरूले पनि ध्यान दिनुपर्ने कुरा यो छ कि मैनेजिङ्ग डाइरेक्टर वा एजेन्टले स्वतन्त्ररूपले काम गर्ने नभई संचालक समितिका रेखदेख र मातहतमा रही निजहरूले दिएको आदेश अख्तियायारबमोजिम काम गर्ने भएकोले ती मैनेजिङ्ग डाइरेक्टर वा एजेन्टहरूको अनुचित काम कारवाइले गर्दा कम्पनीलाई कुनै प्रकारको मर्का हानी नोक्सानी पर्न गयो भने सो संचालक समिमिहरू पनि जिम्मेवार हुनेछन् । कानूनमुताबिक कारवाई निजहरूमाथि अविलम्ब गरिनेछ ।

जुन व्यक्ति वा पार्टी जुन कामको निमित्त मुकरर भएको हो । त्यसले सो काम पूरा गर्न सकेन भने अवश्य नै त्यस कामको निमित्त विशेष सुविधा भत्ता आदि पाइरहनु उचित छैन । कम्पनीहरूलाई आर्थिक सहायता दिने उद्देश्यले मैनेजिङ्ग एजेन्सी प्रणालीको सिर्जना भयो । तर सो आर्थिक सहायता दिन नसक्ने तथाकथित मैनेजिङ्ग एजेन्ट वा डाइरेक्टरहरू विशेष सुविधा भत्ता आदिचाहिं पाइरहनु बेमुनासिब ठान्दैनन् । कुनै पनि फायदा नपाइकन शेयरको पैसाको एक भाग मैनेजिङ्ग एजेन्ट वा डाइरेक्टरहरूको पेटमा डुल्न कर लागेका शेयर होल्डर-हरूलाई यस्तो परिस्थिति कहाँसम्म रुचिकर लाग्दो हो ! उल्लेख गरिरहनुपर्ने कुरा होइन। धेरैको पैसा उठाएर नाजायज ढंगले एउटाको पेट भर्नदिनु अवश्यमेव प्रजातान्त्रिक कार्यप्रणाली होइन र यस्तो परिस्थितिलाई सहिरहन यो विभाग बिलकुल असमर्थ छ ।

माथि उल्लेख भएको म्यादभित्र गर्नुपर्ने कारवाई खतम गर्न प्रत्येक संचालक समिति र मैनेजिङ्ग एजेन्ट वा डाइरेक्टरहरूको कर्तव्य हो । सो म्यादभित्र पनि

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कारवाई गरिएन भने यस विभागबाट कडा कारवाई गरिनेछ। पछि कुनै कुराभा उजूरी लाग्ने छैन। आशा गरिन्छ कि शेयर होल्डरहरूले पनि परिस्थिति बुझेर कानूनमुताबिक कारवाई गर्न संचालक समिति तथा मैनेजिङ्ग डाइरेक्टर वा एजेन्ट-माथि दबाव हाल्नेछन्।

डाइरेक्टर,
उद्योगविभाग।

## सूचना

नेपालबाट समुद्रपार निकासी भै जाने मालसामान मध्ये खासगरेर न-डिबुटीको भाग समुद्रपारबाट आएको हुनाले निकासी गर्ने पदार्थको नमुनासहित यती परिमाणमा यी यी मालसामानहरू निकासी गर्न तयार छु भनी यो सूचना प्रकास भएको महिना दिनभित्रमा अथवा पछि पनि यस विभागमा नमुनासहित दर्खास्त पठाउनुहोला।

सेक्रेटरी — उद्योग वाणिज्यविभाग।

गोरखापत्र छापाखानाबाट प्रकाशित

श्री
सरदार
विष्णु ... जोशी
अ...

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।